कोशी प्रदेश सरकार

## पर्यटन, वन तथा वातावरण मन्त्रालय

## वन निर्देशनालय

# जिल्ला वन पैदावार आपुर्ति समिति,सुनसरी

**गोलिया काठ ढुवानी तथा चिरान गर्न शिलवन्दी बोलपत्र पेश गर्ने वारेको सूचना ।**

रितेश भुषण बस्नेत
नि. डिभिजनल वन अधिकृत

सूचना प्रकाशित मिति-२०८२/१०/०४

प्रस्तुत विषयमा जिल्ला वन पैदावार आपुर्ति समिति सुनसरीको आ.व. २०८२/०८३ को स्वीकृत कार्ययोजना, कोशी प्रदेश वन नियमावली २०८० तथा जिल्ला वन पैदावार आपुर्ति समितिको कार्यविधि, २०६३ अनुसार चालु आ.व. मा सर्वसाधारण जनतालाई यस समितिवाट वितरण हुने विभिन्न प्रयोजनको लागि सुनसरी जिल्ला भित्रका विभिन्न घाटगद्दीमा रहेका गोलिया काठ ढुवानी, चिरान, चिरानबाट उत्पादित वस्तु डिपो सम्म ढुवानी गरी पाइलिङ्ग गर्ने कार्यको लागि प्रचलित कानून अनुसार दर्ता भइ डिभिजन वन कार्यालयमा सुचीकृत भएका इनरुवा नगर पालिका वडा न .३, ४ र ५ भित्रका स:मिलहरुले तल उल्लेखित शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. तोकिएको घाटगद्दीबाट गोलिया काठ ढुवानी गरी ल्याइ आफ्नो स:मिलमा काठ चिरान गरी उत्पादित चिरान काठ, स्ट्रीप, वाकल र भूस समेतको चिरान उत्पादनहरु लोड गरी आपुर्ति समितिको डिपो डिभिजन वन कार्यालय, सुनसरीको कम्पाउण्ड सम्म ढुवानी गराइ अनलोडिङ्ग र पाइलिङ्ग समेत गर्ने कार्यको लागि प्रति क्यू. फिटको अधिक्तम दर रेट निम्न अनुसार रहेको छ ।

| सि.न. | विवरण | अनुमानित चिरान हुने गोलिया काठको परिमाण (क्यू फिट) | प्रति क्यू. फिट दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १. | गोलिया काठ घाटगद्दी देखि मिल सम्म सिपमेन्ट, काठ चिरान, चिरान तथा वाकल र भुस डिपो सम्म ढुवानी गरी पाइलिङ्ग/थाक मिलाएर राख्ने काम | १४५०० | ३९०/- | |

नोटः *चिरान गरी विक्री कार्य क्रमागत रुपमा लट वनाइ हुने हुँदा उपरोक्त परिमाणमा घटी समेत हुन सक्नेछ । घटी हुँदा सोही अनुसार भुक्तानी गरिनेछ ।*

२. बोलपत्र खरिद तथा दाखिला गर्नु पर्ने अन्तिम मिति र समयः

क बोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८२/११/०४ गते कार्यालय समय भित्र

ख बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समयः २०८२/११/०५ गते दिनको १.०० बजे सम्म

ग बोलपत्र खोल्ने अन्तिम मिति र समयः २०८२/११/०५ गते दिनको ३.०० बजे

घ बोलपत्र दाखिला गर्ने कार्यालयः जिल्ला वन पैदावार आपुर्ति समितिको कार्यालय, सुनसरी ।

३ बोलपत्र खरिद गर्न इच्छुक सः मिलको प्रोपराइटरले आफ्नो सः मिलको इजाजत पत्रको नविकरणको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि, मू.अ.कर दर्ताको प्रतिलिपि, डि.व.का.मा सुचीकृत प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र माग निवेदन बोलपत्र फारम दस्तुर रु. ३,०००/- पछि फिर्ता नहुने गरी दाखिला गरेपछि बोलपत्र फारम प्राप्त गर्न सकिनेछ । फारम दस्तुर दाखिला डिभिजन वन कार्यालय, सुनसरी, कार्यालय कोड ३२९०११४०११, राजश्व शीर्षक नम्वर १४२२९- अन्य प्रशासनिक सेवा शुल्क शीर्षकमा गर्नु पर्नेछ ।

४ बोलपत्र जमानत रकम रु १,७५,००/- (अक्षेरुपी रु एक लाख पचहत्तर हजार मात्र) प्रदेश लेखा नियन्त्रक कार्यालय, सुनसरीको राष्ट्रिय वाणिज्य वैंक, शाखा कार्यालय इनरुवा, प्र.ले.ई.का. सुनसरी खाता नम्वर २२२०१००२०२०३००००, कार्यालय कोड ३२९०११४०११ कार्यालय डिभिजन वन कार्यालयमा जम्मा गरी सो को सक्कल भौचर वा कम्तीमा १८० दिन सम्मको रितपूर्कको क वर्गको वैंकको वैंक ग्यारेन्टी वा वैंक ड्राफ्ट शिलवन्दी गरिएको खाम भित्र समावेश हुनु पर्नेछ । धरौटी

कोशी प्रदेश सरकार

# पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# जिल्ला वन पैदावार आपुर्ति समिति,सुनसरी

रितेश भुषण बस्नेत
नि. डिभिजनल वन अधिकृत

रकम अनिवार्य रुपमा प्रतिष्पर्धा गर्ने फर्मको नामवाट दाखिला भएको हुनुपर्नेछ, व्यक्तिको नाममा दाखिला भएको भौचर मान्य हुने छैन ।

५ सःमिल रहेको जग्गा आफ्नो नाममा दर्ता भएमा सोको लालपूर्जा एवं भाडामा भएमा सम्झौताको प्रतिलिपि पेश गर्नु पर्नेछ। काठको सुरक्षाको लागि उक्त जग्गा कम्पाउण्ड र तारवार वा सुरक्षित भएको हुनु पर्नेछ ।

६ गोलिया काठ घाटगद्दी गर्ने ठाँउ पानी नजम्ने सुख्खा स्थान हुनु पर्नेछ ।

७ रितपूर्वक पर्न आएका बोलपत्रहरु समितिले सूचना जारी गरी तोकिएको प्रतिनिधि र उपस्थित बोलपत्रदाताको रोहवरमा खोलिनेछ । बोलपत्रदाता उपस्थित नभए तापनि दाखिला भएको बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।

८ बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

९ सः मिलमा ढुवानी भएको गोलिया तथा चिरान काठ लगायतका उत्पादित वन पैदावार सुरक्षित साथ राख्न सकिने यथेष्ट स्थान भएको हुनु पर्नेछ । चिरान गरेको काठ मिलमा रहेसम्मको अवधिमा घाम पानीवाट जोगिने गरी छहारीमा राख्ने व्यवस्था मिलाइ सःमिल धनीको जिम्मामा रहने र सोको कुनै किसिमले हानी नोक्सानी भएमा त्यसको क्षतिपुर्ति सम्वन्धित सः मिलवाटै असुल उपर गरिनेछ ।

१० गोलिया काठ चिरानी अगाडी सकारकर्ता सःमिलले स्टक प्रमाणित गराइ राख्नु पर्नेछ । यस समितिको काठ चिरान हुने अवधिमा अन्य गोलिया काठ चिरान गर्न पाइने छैन । मिलमा रहेको यस समितिको लटको सम्पूर्ण काठहरु चिरान भइ समितिको काठ डिपोमा अनलोड, पाइलिङ्ग भए पछि मात्र आफ्नो काम सुचारु गर्न पाइनेछ ।

११ चिरान गर्ने सःमिल इनरुवा नगरपालिका वडा न. ३, ४ र ५ भित्रको हुन पर्नेछ ।

१२ काठ चिरान गर्न दक्ष जनशक्ति भएको हुनु पर्नेछ ।

१३ प्राप्त हुन आएका बोलपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस आपुर्ति समितिमा निहित रहनेछ ।

१४ लोडसेडिङ भएको अवस्थामा पनि वैकल्पिक उर्जा (जेनेरेटर) को व्यवस्था भएको हुनु पर्नेछ वा राख्नु पर्नेछ ।

१५ माथि उल्लेखित शर्तहरु पालना गरेको नपाइएमा राखिएको धरौटी रकम जफत गरी सोही दररेटमा वा सो पछिको न्युन्तम दर पेश गर्ने अर्को सः मिल सँग यस समितिले सम्झौता गरी कार्य सन्चालन गरिनेछ ।

१६ शिलवन्दी बोलपत्रमा भाग लिन इच्छुक सःमिलले डिभिजन वन कार्यालयमा सुचिकृत भएको तथा टाँचा दर्ता र नवीकरण गरेको हुनु पर्छ ।

१७ बोलपत्र पेश गर्ने सःमिल वन ऐन तथा नियमावलीको कसुरमा कारवाही नभएको हुनु पर्नेछ ।

१८ बोलपत्रदाताले बोलपत्र खरिद गर्न स्वयं आफै उपस्थित हुनु पर्नेछ । आफु उपस्थित हुन नसकेमा कानून वमोजिमको वारेशनामा लिइ पठाउनु पर्नेछ ।

१९ एक सः मिलको नाममा खरिद गरिएको बोलपत्र फारम अर्को सः मिलको नाममा दाखिल गर्न पाइने छैन ।

२० प्रचलित कानून अनुसार ठेक्का वापत तिर्नु पर्ने कर तथा अन्य दस्तुर सः मिलले नै तिर्नु पर्नेछ र चिरान कार्य सम्पन्न भए पछि प्राविधिक प्रतिवेदनको आधारमा कर विजक पेश भए पछि कानूनले तिर्न वुझाउनु पर्ने रकम कट्टी गरी विल रकम भुक्तानी हुनेछ ।

२१ म्याद नाघी आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

२२ अन्य जानकारीको लागि कार्यालय समय भित्र यस समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

२३ यसमा नपरेका कुराहरु जिल्ला वन पैदावार आपुर्ति समितिको निर्देशिका तथा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ ।